आज मिति २०८१ फागुन २७ गतेका दिन बेसीशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ५६ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ ।

उपस्थिति ।

| पद | नाम |
|---|---|
| नगर प्रमुख | श्री गुमानसिंह अर्याल |
| नगर उपप्रमुख | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य वडा नं. १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| " " " " २ | श्री मदन बहादुर राना |
| " " " " ३ | श्री चित्र बहादुर दमाई |
| " " " " ४ | श्री गम बहादुर गुरुङ |
| " " " " ५ | श्री इन्द्र बहादुर गुरुङ |
| " " " " ६ | श्री प्रकाश थापा |
| " " " " ७ | श्री ऋषिराम बस्नेत |
| " " " " ८ | श्री पवित्रा थापा राना |
| " " " " ९ | श्री खुसिलाल गुरुङ |
| " " " " १० | श्री गंगा बहादुर थापा |
| " " " " ११ | श्री शिव प्रसाद जोशी |
| " " | श्री हिरालाल विश्वकर्मा |
| " " | श्री श्रीनाथ दुलाल |
| " " | श्री कल्पना थापा बोहरा |
| " " | श्री विमला छ्यौपाने अधिकारी |
| " " | श्री सुकमाया गुरुङ |
| " " | श्री सुकमाया घर्ती |
| " " | श्री मनिता परियार |

सहजकर्ता कर्मचारीको उपस्थिति:

कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल

प्रशासकीय अधिकृत श्री दिपेश अधिकारी

गुमान सिंह अर्याल

नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/११/२७ गतेको बैठक

## बेसीशहर नगर कार्यपालिकाको कार्यालय
## लमजुङ, गण्डकी प्रदेश, नेपाल

<u>नगर कार्यपालिकाको मिति २०८१/११/२७ गतेको बैठकका प्रस्तावहरु</u>

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा।

२. संघीय र प्रदेश सरकार समक्ष माग गर्ने आयोजना/कार्यक्रमको सम्बन्धमा ।

३. एकिकृत शहरी विकास योजना कार्यान्वयनको लागि बजेट माग गर्ने सम्बन्धमा ।

४. समपुरकतर्फको सडकको अपुग बजेट माग गर्ने सम्बन्धमा ।(धुरपुरे-दिहीथोक-विम्दा-बाखेजगत)

५. ५ नं वडा कार्यालयको ठेक्का तोडी चालु आवको बजेटबाट बाँकी कार्य गर्ने सम्बन्धमा ।

६. ठेकेदारलाई कार्यालयमा झिकाउने सम्बन्धमा ।

७. फोहरमैला व्यवस्थापनको ठेक्का सम्झौता सम्बन्धमा ।

८. सार्वजनिक सुनुवाई सम्बन्धमा ।

९. निर्णय अनुमोदन सम्बन्धमा ।

१०. स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा ।

११. आई ई ई को लागि परामर्श सेवा खरिद सम्बन्धमा ।

१२. जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन सम्बन्धमा ।

१३. बालबालिका सम्बन्धी आचार संहिता सम्बन्धमा ।

१४. दोश्रो चौमासिक प्रगति समिक्षा बैठक सम्बन्धमा ।

१५. आयोजना/कार्यक्रम संशोधन/ब्रेकडाउन सम्बन्धमा ।

१६. वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा ई हाजिरी जडान सम्बन्धमा ।

१७. प्राकृतिक श्रोत संकलन र विक्रीको अनुमति सम्बन्धमा ।

१८. गरिवसंग विश्वेश्वर कार्यक्रमको सम्बन्धमा ।(वडा नं २ र १०)

१९. विपन्न नागरिक पहिचान सम्बन्धमा ।

२०. कार्यसम्पादन मूल्याङ्कनको नतिजा सम्बन्धमा ।

२१. आयोजना सम्झौताको म्याद थप सम्बन्धमा ।

२२. उजुरी/अभिलेख प्रशासक खटाइएको सम्बन्धमा ।

२३. विविध

- परामर्श सेवाको म्याद थप सम्बन्धमा (भू वर्गिकरण, २०८१/९/१५मा सकिएको २०८१ चैत मसान्तसम्म थप गर्ने ।
- उपभोक्ता अधिकार दिवस मनाउने सम्बन्धमा ।

सुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/११/२७ गतेको बैठक

- कृषि एम्बुलेन्स हस्तान्तरण सम्बन्धमा ।
- साना सवारी साधन (टेम्पु) चालकलाई हाफ ज्याकेट वितरण गर्ने सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८१/१०/२८ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं.२: संघीय र प्रदेश सरकार समक्ष माग गर्ने आयोजना/कार्यक्रमको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाले गत नगरसभा अधिवेशनबाट आफ्नो श्रोतले मात्र सम्पन्न हुन नसक्ने ठुला प्रकृतिका प्राथमिकताप्राप्त आयोजना तथा कार्यक्रमहरु संघीय र प्रदेश सरकार समक्ष माग गर्ने भन्ने निर्णय वमोजिम यस बेसीशहर नगरपालिका भित्रका पहिलो प्राथमिकतामा रहेका आयोजना तथा कार्यक्रमहरु आगामी आर्थिक वर्ष २०८२/८३ को बार्षिक कार्यक्रममा उच्च महत्वका साथ समावेश गरी आवश्यक बजेट विनियोजन गरिदिने व्यवस्थाको लागि नेपाल सरकार र प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३: एकिकृत शहरी विकास योजना कार्यान्वयनको लागि बजेट माग गर्ने सम्बन्धमा ।**

शहरी विकास तथा भवन निर्माण विभागले परामर्शदाता मार्फत विगत वर्षमा तयार गरेको बेसीशहर नगरपालिकाको एकिकृत शहरी विकास योजना समेतको आधारमा उक्त योजना कार्यान्वयनको लागि आगामी आर्थिक वर्ष २०८२/८३ बाट आवश्यक बजेट विनियोजन गरिदिने व्यवस्थाको लागि नेपाल सरकार शहरी विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४: समपुरकतर्फको सडकको अपुग बजेट माग गर्ने सम्बन्धमा ।**

संघीय समपुरक अन्तर्गत धुरपुरे-दिहीथोक-विम्दा-बाखेजगत वहुवर्षिय (३ वर्षे) सडक आयोजनाको लागि चालु आर्थिक वर्ष २०८१/८२ अन्तिम वर्ष भएको र ठेक्का सम्झौता वमोजिम काम भै रहेको तर सो आयोजनाको लागि सम्झौता वमोजिम कार्य सम्पन्न भए पश्चात भुक्तानी दिनको लागि बजेट अभाव हुने देखिएको हुँदा चालु आर्थिक वर्ष २०८१/८२ मा नै देहाय अनुसारको आवश्यक रकम निकासा हुने व्यवस्थाको लागि नेपाल सरकार अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने निर्णय गरियो ।

देहायः

कुल लागत अनुमानः रु. ९ करोड ९९ लाख ६९ हजार ७२७

सम्झौता रकमः रु.९ करोड १७ लाख ६६ हजार ५६६

नगरपालिकाले व्यहोर्नु पर्ने रकमः रु.४ करोड ५८ लाख ८३ हजार २८१(५०%)

नेपाल सरकारले व्यहोर्नु पर्ने रकमः रु.४ करोड ५८ लाख ८३ हजार २८१(५०%)

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/११/२७ गतेको बैठक

३ आवमा प्राप्त रकमः रु.३ करोड ५५ लाख (८० लाख/१ करोड २५ लाख/ १ करोड ५० लाख)
थप निकासा हुनुपर्ने रकम रुः १ करोड ३ लाख ८३ हजार

**निर्णय नं.५ : ठेक्का तोडी चालु आवको बजेटबाट बाँकी कार्य गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका र सिद्धि विनायक निर्माण सेवा बीच वडा नं. ०५ को वडा कार्यालय भवन निर्माण (ठेक्का नंः ०३/०७८-७९) कार्यका लागि मिति २०७८/११/०७ मा भएको ठेक्का सम्झौता अनुसार ठेकेदारले सुरु सम्झौतामा तोकिएको अवधि (२०७८/११/०७ - २०७९/०३/१५) भित्र कार्य सम्पन्न नगरेको र कार्य सम्पन्न गर्नको लागी पटक पटक गरि अन्तिम म्याद मिति २०७९/१२/३० सम्म थप गरिएकोमा उक्त अवधि भित्र समेत कार्य सम्पन्न नगरेको र पटक– पटक ताकेता गर्दा पनि कार्यालयको सम्पर्कमा नआएको हुँदा उक्त ठेक्का सम्झौता तोड्ने निर्णय गरियो । साथै आ.व २०८१/८२ मा उक्त कार्य सम्पन्न गर्नका लागि विनियोजित ५ लाख बाट नया प्रक्रिया अपनाई कार्य सम्पन्न गर्न निर्णय गरियो ।

**निर्णय नं.६ : ठेकेदारलाई कार्यालयमा झिकाउने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका र सिद्धि विनायक निर्माण सेवा बीच वडा स्तरीय प्रशुती भवन निर्माण, वडा नं. ४ कार्यका लागि मिति २०७८/११/३० मा भएको ठेक्का सम्झौता अनुसार ठेकेदारले सुरु सम्झौतामा तोकिएको अवधि (२०७८/१२/०१ - २०७९/०३/१५) भित्र कार्य सम्पन्न नगरेको र कार्य सम्पन्न गर्नको लागी पटक पटक गरि अन्तिम म्याद मिति २०७९/१२/३० सम्म थप गरिएकोमा उक्त अवधि भित्र समेत कार्य सम्पन्न नगरेको र पटक– पटक ताकेता गर्दा पनि कार्यालयको सम्पर्कमा नआएको साथै उक्त निर्माण कार्य बापत सम्झौता अनुसार नियमानुसार अग्रिम पेश्की भुक्तानी गरिएकोमा सो पेश्की समेत फछ्र्यौट नगरेको हुँदा उक्त ठेकेदारलाई पेश्की फछ्र्यौट गर्नको लागि कार्यालयमा झिकाउने तथा आवश्यक कानूनी प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.७: फोहरमैला व्यवस्थापनको ठेक्का सम्झौता सम्बन्धमा ।**

साविकमा गरिदै आएको फोहरमैला व्यवस्थापनको सम्बन्धमा छनौट भएको बोलपत्रदातासंग सम्झौता गर्ने म्याद २०८१/१२/१५ सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.८: सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

२०८१/१०/२८ गतेको नगर कार्यपालिका बैठकको निर्णय नं ५ समेतका आधारमा सेवा प्रवाह, नीति, कार्यक्रम तथा बजेट, कानूनी व्यवस्था, स्थानीय विकास निर्माण लगायतका सवालमा बेसीशहर नगरपालिकाको चालु आ.व. २०८१/८२ को दोश्रो चौमासिक अवधीमा गर्नुपर्ने सार्वजनिक सुनुवाई बेनपा-२ भकुण्डेमा २०८१ फागुन भित्र सञ्चालन गर्ने भनिएकोमा कारणवश २०८१ चैत ९ गते शनिबारका दिन सोही स्थानमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९: निर्णय अनुमोदन सम्बन्धमा ।**

मिति २०८१/११/११ गतेको सामाजिक विकास समितिको बैठक र नगरस्तरीय महिला सञ्जालको बैठकका साथै मिति २०८१/१०/१३ को अपाङ्गता समन्वय समितिले चालु आर्थिक वर्षको लक्षित

गुमान सिंह अर्याल
नगर प्रमुख

कार्यक्रम सम्बन्धमा गरेका निर्णयहरु लगायतका अन्य निर्णयहरु जानकारी हुनुको साथै उक्त निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०: स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा ।**

चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत स्वास्थ्यतर्फ राखिएको स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम देहाय अनुसार सञ्चालन गर्ने निर्णय गरियो ।

**देहायः**

(क) स्वास्थ्य शिविर अन्य सरोकारवाला निकायहरुसंग समेत समन्वय र सहकार्य गरी वडा नं २ भकुण्डे (बालकल्याण मावि परिसर) र वडा नं १० स्वास्थ्य चौकीमा सञ्चालन गर्ने ।

(ख) स्वास्थ्य शिविर प्रजनन् स्वास्थ्य, मुटु र दाँत सम्बन्धी विज्ञ सेवा प्रदान गर्ने गरी गर्ने ।

(ग) यस सम्बन्धी प्रस्तावना तयार गरी कार्य अघि बढाउन स्वास्थ्य शाखालाई जिम्मेवारी दिने ।

(घ) मानसिक स्वास्थ्य शिविर २०८१ चैत २५ गते भित्र लमजुङ जिल्ला अस्पतालमा सञ्चालन गर्ने व्यवस्था स्वास्थ्य शाखाले मिलाउने ।

(ङ) सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय स्वास्थ्य शाखा प्रमुखले गर्ने ।

**निर्णय नं.११: आई ई ई को लागि परामर्श सेवा खरिद सम्बन्धमा ।**

आगामी आर्थिक वर्ष २०८२/८३ मा बेसीशहर नगरपालिका क्षेत्रभित्र रहेका खोला तथा नदिहरुमा नदिजन्य पदार्थ (ढुंगा गिटी बालुवा, ग्राभेल) उत्खनन्, संकलन तथा विक्री सम्बन्धी कार्यको लागि कानून वमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नुपर्ने हुँदा सो कार्यका लागि सेवा र परामर्श खर्च शिर्षकबाट व्यहोर्ने गरी खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१२: जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन सम्बन्धमा ।**

जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन सहयोग शिर्षकमा विनियोजित बजेट रु.१ लाख ५० हजार मध्येबाट दिवा सेवा केन्द्र सञ्चालन भएका देहायका स्थानमा सहयोग गर्ने निर्णय गरियो ।

(क)दिवा सेवा केन्द्र सञ्चालन सहयोग (चियाखाजा, तथा विभिन्न आवश्यकीय सामाग्री खरिद समेत), बेनपा २ भकुण्डे, रु. ५० हजार ।

(ख) दिवा सेवा केन्द्र सञ्चालन सहयोग (चियाखाजा, तथा विभिन्न आवश्यकीय सामाग्री खरिद समेत), बेनपा ११ चिती तिलाहार, रु. ५० हजार ।

**निर्णय नं.१३: बालबालिका सम्बन्धी आचार संहिता सम्बन्धमा ।**

बाल अधिकार प्राप्ति र बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि तयार गरिएको बेसीशहर नगरपालिकाको बालबालिका सम्बन्धी आचार संहिता २०८१ (बालबालिकाको लागि स्वयं बालबालिकाहरुले पालना गर्नुपर्ने, घरपरिवार/अभिभावकले पालना गर्नुपर्ने तथा नगरपालिका, वडा, विद्यालय, समुदाय, समिति, संघसंस्था आदिले पालना गर्नुपर्ने आचार संहिता) स्वीकृत गरी सम्बन्धित स्थलहरुमा टाँस गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/११/२७ गतेको बैठक

**निर्णय नं.१४: दोश्रो चौमासिक प्रगति समिक्षा बैठक सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को दोश्रो चौमासिक प्रगति समीक्षा गोष्ठी मिति २०८१ चैत ७ गते विहीबारका दिन बेसीशहरमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५: वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.फुटकर योजना तथा विविध कार्यक्रम, बेनपा-१ | ४ लाख ७९ हजार ९५५ | १.१ दशौं माघी मेला व्यवस्थापन, बेनपा-१<br>१.२ सुक बहादुर गुरुङको घर मर्मत<br>१.३अम्विका पन्तको घर पछाडिको पहिरो नियन्त्रण<br>१.४ माधव अधिकारीको घर माथिको बाटो मर्मत,<br>१.५सडक बत्ति महशुल<br>१.६सोम बहादुर कामी स्वास्थ्योपचार<br>१.७ थम बहादुर मजाकोटी स्वास्थ्योपचार<br>१.८ सूचना सम्वाहक चौतारोमा नेपालको झण्डा स्थापना,<br>१.९दोश्रो गोरक्ष कप २०८१ व्यवस्थापन खर्च<br>१.१० जनकल्याण माविमा प्रिन्टर,ड्रम कार्टेज खरिद<br>१.११स्वास्थ्य शिविरमा खटिएका जनशक्तिहरुलाई खाना/खाजा र अन्य व्यवस्थापन, बेनपा-१ | १० हजार<br>५ हजार<br>१५ हजार<br>२० हजार<br>१५ हजार<br>५ हजार<br>१० हजार<br>१५ हजार<br>१० हजार<br>२५हजार<br>४० हजार |
| २.कृषि तथा पशु लक्षित कार्यक्रम, बेनपा-१ | ३ लाख | २.१नागढुंगा खहरेखोला कटरकोटे कुवापानी सिंचाई आयोजना, बेनपा-१<br>२.२ सुदर्शन कृषि तथा पशु फर्ममा काउ म्याट खरिद, बेनपा-१<br>२.३डिलमाया गुरुङको घरको बाखा खोर मर्मत, बेनपा-१ | २ लाख ५० हजार<br>२५ हजार<br>२५ हजार |
| ३.युवा जागृति कार्यक्रम(जीवन | ७० हजार | ३.१मेयर कप र वडाध्यक्ष कप | १५ हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/११/२७ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| जिउने कला तथा नवप्रवर्द्धनात्मक व्यवसायिकता र उद्यमशिलता तालिम), बेनपा-२ | | कार्यक्रम, बेनपा-२<br>३.२वडास्तरीय भलिवल खेला कार्यक्रम, बेनपा-२ | १५ हजार |
| ४.कृषि आय आर्जन प्रवर्द्धनको लागि एक घर एक विरुवा, बेनपा-२ | १ लाख ५० हजार | ४.कृषकहरुलाई ५०% अनुदानमा मकैको वीउ वितरण, बेनपा-२ | ६० हजार |
| ५.बोहोराबेसी, भकुण्डे/तालफाँट र नरुवल क्षेत्रमा तरकारीको नर्सरी सञ्चालन अनुदान प्रदान गरी कृषकलाई तरकारीको विरुवा वितरण, बेनपा-२ | १ लाख | ५.कृषकलाई ५०% अनुदानमा मकैको विउ वितरण, बेनपा-२ | ५ हजार |
| ६.विविध फुटकर कार्यक्रम, बेनपा-२ | २ लाख ३० हजार ९१२ | ६.वडास्तरीय ज्येष्ठ नागरिक मञ्च गठन र बैठक खाजा खर्च, बेनपा-२ | १० हजार |
| ७.खेलकुँद सम्बन्धी कार्यक्रम, बेनपा-३ | १ लाख | ७.प्रथम वडाध्यक्ष कप | २५ हजार २९० |
| ८. फुटकर तथा विविध कार्यक्रम, बेनपा-३ | ७ लाख ३२ | ८.१दोश्रो गाउँशहर चैतेदशैं मेला खेलकुँद तथा संस्कृतिक कार्यक्रम, बेनपा-३<br>८.२ रानीकुवा विद्युत मर्मत तथा महशुल, बेनपा-३ | १ लाख ५ हजार<br>१५ हजार |
| ९.मेशिनरी वाल निर्माण, सेवा सदन मावि, बेनपा-४ | ५ लाख | ९.ग्याविन वाल निर्माण, सेवा सदन मावि, बेनपा-४ | ५ लाख |
| १०.विपद् जोखिम व्यवस्थापन तथा पूर्वाधार विकास, बेनपा-४ | ३ लाख ७ हजार ८ सय | १०.गैरीगाउँ गणेश मन्दिरदेखि रेशमलालको घरसम्म अधुरो सिंढीबाटो निर्माण, बेनपा-४ | २ लाख २७ हजार ८ सय |
| ११.फुटकर योजना तथा कार्यक्रम, बेनपा-४ | ५ लाख ५ हजार ४ सय | ११.१ हिले पँधेरो मुहान संरक्षण, बेनपा-४<br>११.२ सोलार लाईट सहित विद्युत सामाग्री खरिद, बेनपा-४ | ३० हजार<br>२० हजार |
| १२.सेरा खानेपानी मर्मत, बेनपा-६ | २ लाख | १२.१ सेरा खानेपानी मर्मत, बेनपा-६<br>१२.२ सेरा कुलो मर्मत, बेनपा-६ | ८० हजार<br>१ लाख २० हजार |
| १३.फुटकर योजना तथा कार्यक्रम, बेनपा-७ | १० लाख ५६ हजार | १३.दिपक तामाङको घर माथिपट्टी पहिरो नियन्त्रण, बेनपा-७ | ६६ हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/११/२७ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | ५७५ | | |
| १४.महिला,बालबालिका तथा अपाङ्गता लक्षित कार्यक्रम, बेनपा-७. | २ लाख | १४.१वडास्तरीय महिला सञ्जाल बैठक वार्षिक खाजा खर्च, बेनपा-७<br>१४.२ महिलाहरुलाई प्रस्तावना तथा प्रतिवेदन लेखन तालिम,३० जना<br>१४.३महिला तथा अपाङ्गता भएकाहरुलाई बाटेको धुप बनाउने तालिम (४० जना, ४ दिने) बेनपा-७ | १५ हजार<br>८५ हजार<br>१ लाख |
| १५.अपाङ्गता सीप विकास कार्यक्रम, बेनपा-८ | ५० हजार | १५.अपाङ्गता भएका व्यक्तिहरु लक्षित आय आर्जन बृद्दि कार्यक्रम, बेनपा-८ | ५० हजार |
| १६.फुटकरतर्फ, बेनपा-१० | ७ लाख ५० हजार २६ | १६.१ भोटेफाँट सिंचाई कुलो मर्मत, बेनपा-१०<br>१६.२ टोल संयोजक तथा जनप्रतिनिधि, कर्मचारी अध्ययन अवलोकन भ्रमण, बेनपा-१० | १ लाख ५० हजार<br>१ लाख |
| १७.कुवापानी कल्डाँडा गोरेटो बाटो, बेनपा-११ | १ लाख | १७.स्याउतबाट कुवापानी भण्डारीगाउँ दुवार जाने सडक | १ लाख |
| १८.रामचोकबेसी प्रहरी विट निर्माण, बेनपा-११ | ३ लाख | १८.१ कैजले सामुदायिक भवन स्तरोन्नति, बेनपा-११<br>१८.२ विरौटे बालुवा कुलो मर्मत, बेनपा-११<br>१८.३ रिठ्ठेबगर स्वागत गेट मर्मत, बेनपा-११ | १ लाख<br>१ लाख ४० हजार<br>१० हजार |
| १९. लौडारी पँधेरो मर्मत तथा गोरटो बाटो मर्मत, बेनपा-११ | १ लाख ५० हजार | १९. माझथोक देखि कुतालगाउँसम्म गोरेटो बाटो निर्माण, बेनपा-११ (२०८१/९/२९ को नि नं ८ (१२) मा नाम संशोधन गरिएको) | १ लाख ५० हजार |
| २०.विद्यालय डिजिटल तथा पाठ्यक्रममा आधारित शिक्षण सिकाई शिक्षक तालिम वा शैक्षिक गुणस्तर योजना तर्जुमा, बेनपा-२ | १ लाख | २०.बालकल्याण माविमा विद्यालय डिजिटल तथा पाठ्यक्रममा आधारित शिक्षण सिकाईमा शैक्षिक गुणस्तर योजना कार्यशाला कार्यक्रम,बेनपा-२ | ६० हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/११/२७ गतेको बैठक

**निर्णय नं.१६ः वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा ई हाजिरी जडान सम्बन्धमा ।**

बेसीशहर नगरपालिका स्थित सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा २ महिना भित्रमा बायोमेट्रिक फिन्गरप्रिन्ट स्क्यानर जडान गरी ई हाजिरीलाई अनिवार्य गर्ने र उक्त कार्यको लागि सूचना तथा प्रविधि शाखाबाट प्राप्त इष्टमेट समेतका आधारमा रु.४ लाख सुशासन प्रवर्द्धन र क्षमता विकास सम्वन्धी कार्यक्रम शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७ः प्राकृतिक श्रोत संकलन र विक्रीको अनुमति सम्बन्धमा ।**

बेसीशहर नगरपालिका क्षेत्रभित्र पर्ने तपसिलमा उल्लेखित स्थानहरुमा जम्मा भएको ढुंगा तथा वालुवा उक्त स्थानमा निर्माण भएका योजनामा प्रयोग गर्ने गरी यस कार्यालयमा विभिन्न व्यक्ति र संस्थाबाट विभिन्न मितिमा निवेदन पर्न आएकोले प्राविधिक इष्टिमेट अनुसार लाग्ने रकम यस कार्यालयमा जम्मा गरेपश्चात अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं | व्यक्ति वा संस्थाको विवरण | संकलन क्षेत्र | स्थान | घनफिट | प्रति घन फिट दर | हुन आउने रकम | मूल्य अभिबृद्धी कर (१३%) | अग्रीम आय कर (१.५%) | जम्मा | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री सनसाईन कन्स्ट्रक्सन | न्याउलीखोला, बेनपा २ | भकुण्डे | ४५९८।७५ | ९।०० | ४१३८८।७३ | ५३८०।५४ | ६२०।८३ | ४७३९०१०|  |
| २ | न्यू भुटनदेवी कन्स्ट्रक्सन | न्याउलीखोला, बेनपा २ | भकुण्डे | ३१७५।२० | ९।०० | २८५७६।८० | ३७१४।९८ | ४२८।६५ | ३२७२०१४४ |  |
| ३ | इन्द्रश्री निर्माण सेवा, बानेश्वर, काठमाण्डौं | न्याउलीखोला, बेनपा २ | भकुण्डे | ३८१०।२४ | ९।०० | ३४२९२।१६ | ४४५७।९८ | ५१४।३८ | ३९२६४।५२ |  |
| ४ | शंसेरबहादुर भण्डारी | मर्स्याङदी नदी बेनपा १० | थारचौर | १७६।४० | ९।०० | १५८७।६० | २०६।३९ | २३।८१ | १८१७।८० | अनुमोदनको लागि |
| ५ | जुनबहादुर तमाङ | निजी जग्गा, बेनपा १० | बाँझाखेत | १६०५।२४ | ९।०० | १४४४७।१६ | १८७८।१३ | २१६।७१ | १६५४२।०० | गत आवको |
| ६ | अमृतकुमार श्रेष्ठ | निजी जग्गा, बेनपा ११ | चिती | १०२३५।७९ | ९।०० | ९२१२२।०८ | ११९७५।८७ | १३८१।८३ | १०५४७९।७८ | गत आवको |

गुमान सिंह अर्याल
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेसीशहर नगरपालिका
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/११/२७ गतेको बैठक

| क्र. सं | व्यक्ति वा संस्थाको विवरण | संकलन क्षेत्र | स्थान | घनफिट | प्रति घन फिट दर | हुन आउने रकम | मूल्य अभिबृद्धी कर (१३%) | अग्रीम आय कर (१.५%) | जम्मा | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | गोविन्द गुरुङ | मर्स्याङ्दी नदी बेनपा १ | उदीपुर | २६८६।५७ | ९।०० | २४१७९।१५ | ३१४३।२९ | ३६२।६९ | २७६८५।१२ | |

**<u>निर्णय नं.१८ः गरिवसंग विश्वेश्वर कार्यक्रमको सम्बन्धमा ।</u>**

बेसीशहर नगरपालिका वडा नं १० र २ मा विगत वर्षहरु देखि सञ्चालित गरीवसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालनको लागि प्राप्त बजेटबाट सम्बन्धित समुहको निर्णय र वडाको सिफारिश समेतका आधारमा देहाय वमोजिमका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

देहायः

१.खाँचे गोरेटो बाटो निर्माण, बेनपा-१०: रु. ७५ हजार

२.राउतथोक सामुदायिक भवन शौचालय निर्माण, बेनपा-१०: रु.७५ हजार

३.खिरबोटेदेखि कोलबाटो हुँदै दलित बस्तीसम्मको बाटो स्तरोन्नति, बेनपा-२: रु १ लाख ५० हजार

**<u>निर्णय नं.१९ः विपन्न नागरिक पहिचान सम्बन्धमा ।</u>**

नगरपालिकाको विपन्न घर परिवार पहिचान कार्यविधि अनुसार परिचय पत्र प्रदान गर्ने कार्यको लागि वडाहरुलाई पुनः पत्राचार गरी यस सम्बन्धी कार्य अघि बढाउने साथै परिचय पत्र प्रदान गर्नको लागि डिजिटाइजेशन कार्यको सफ्टवेयर तयार गर्न पञ्जिकरण शाखा प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२०ः कार्यसम्पादन मुल्याङ्कन सम्बन्धमा ।</u>**

राष्ट्रिय प्रकृतिक श्रोत तथा वित्त आयोगले गरेको नेपालभरका सवै स्थानीय तहहरुको कार्यसम्पादन मूल्याङ्कनमा यस वर्ष बेसीशहर नगरपालिकाले ७४.७ प्रतिशत अंक हासिल गरेको हुँदा यसमा सम्बद्ध सवैलाई धन्यवाद दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२१ः आयोजना सम्झौताको म्याद थप सम्बन्धमा ।</u>**

चालु आर्थिक वर्ष २०८१/८२ को लागि स्वीकृत आयोजना/ कार्यक्रमहरुको कार्यान्वयनको लागि उपभोक्ता समितिहरुसंग गरिने सम्झौताको म्याद २०८१ चैत मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२२ः उजुरी/अभिलेख प्रशासकको सम्बन्धमा ।</u>**

बेसीशहर नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७४ को दफा ४९ वमोजिम न्यायिक समितिको कार्य सम्पादनलाई सहजीकरण गर्न समितिको सचिवालयमा गत आ.व. देखि नै उजुरी/प्रशासकको रुपमा यसै नगरपालिकामा कार्यरत अधिकृत श्री गोविन्द बहादुर राउतलाई खटाईएको व्यहोरालाई समर्थन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/११/२७ गतेको बैठक

**निर्णय नं.२३: परामर्श सेवाको म्याद थप सम्बन्धमा**

बेसीशहर नगरपालिकाको भू वर्गिकरण कार्यको लागि छनौट भई कार्य गरिरहेको सेवा प्रदायक संस्था/(परामर्शदाता) को कार्य सम्झौताको म्याद २०८१ पुस २०८१/९/१५ मा सकिएको हुँदा सो कार्य सम्झौताको म्याद २०८१ चैत मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४: उपभोक्ता अधिकार दिवस मनाउने सम्बन्धमा ।**

प्रत्येक वर्षको मार्च १५ मा मनाइने उपभोक्ता अधिकार दिवस यस वर्ष "स्वच्छ र प्रतिस्पर्धी बजारःउपभोक्ता संरक्षणको दिगो आधार" भन्ने राष्ट्रिय नाराका साथ मनाउन लागिएको सन्दर्भमा बेसीशहर नगरपालिकाले उक्त दिन अर्थात २०८१/१२/२ गते बेसीशहर स्थित सरोकारवाला कार्यालय तथा संघसंस्था र उपभोक्ताहरुको सहभागितामा उपभोक्ता सचेतना/जागरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम आयोजना गरी मनाउने निर्णय गरियो ।

**निर्णय नं.२५: कृषि एम्बुलेन्स हस्तान्तरण सम्बनधमा ।**

नगर कार्यपालिकाको मिति २०८१/१०/२८ को निर्णय नं १० अनुसार एकता कृषि सहकारी संस्था बेसीशहर-२ लाई कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०८० मा उल्लेख भएको मापदण्ड अनुसार कृषि एम्बुलेन्स सञ्चालन र व्यवस्थापनको लागि सेवा प्रदायकको रुपमा छनौट गरिएको हुँदा उक्त संस्थासंग सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.२६: साना सवारी साधन (टेम्पु) चालकलाई हाफ ज्याकेट वितरण गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका अन्तर्गत रहेको साना सवारी साधन सम्बन्धी रुट इजाजत तथा भाडादर निर्धारण समितिको मिति २०८१।११।०५ मा बसेको बैठकले गरेको निर्णयानुसार बेसीशहर नगरपालिकाबाट सवारी साधन संचालनको लागि रुट अनुमति प्राप्त गर्ने तथा नवीकरणको प्रकृया पुरा गरेका सम्पूर्ण सवारी साधनहरुलाई साना सवारी साधन संचालनको पहिचान खुल्ने गरी हाफ ज्याकेट प्रदान गर्न बजेट व्यवस्थाका लागि बजार व्यवस्थापन शीर्षकबाट रु. १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख